कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ९८५११८५०९६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np


प.सं. : २०८२/८३
च.नं. :

मितिः२०८२/१०/२८

## स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२८)**

प्रस्तुत विषयमा स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्षमा कालिका गाउँपालिकामा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट शशर्त अनुदानको रुपमा बजेट विनियोजन भएकोले कार्यक्रम सञ्चालन गर्ने संस्था छनौटका लागि यस कार्यालयबाट प्रथम पटक मिति २०८२/१०/१२ मा १५ दिने सूचना प्रकाशित भएता पनि हालसम्म कुनै पनि संस्थाबाट प्रस्ताव पेस नभएकोले उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक संघ संस्थाले कार्यविधिको अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव र अनुसूची -५ बमोजिमको ढाँचामा व्यावसायिक योजना तयार गरी तपसिलको योग्यता, विवरण तथा कागजातहरु सहित निवेदन ***आजको मितिले थप ७ दिनभित्र*** यस कार्यालयमा पेस गर्नुहुन **दोस्रो पटक पुन:सात दिनको सूचना** प्रकाशन गरिएको बेहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

**तपसिलः**

१. संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय श्रोत सम्बन्धी विवरण,
२.प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण।
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,
५. प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,
६. कालो सूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व:घोषणा पत्र।
७. संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा अतिथ्यता क्षेत्र र गैह्र कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी व्यावसायिक योजना पेश गर्नु पर्नेछ।
८. व्यावसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेस गर्नु पर्नेछ।
९. सञ्चालक समितिको निर्णयको प्रतिलिपि
१०. अन्य आवश्यक कागजातहरु समेत।

**थप जानकारीका लागिः**

**सम्पर्क नं.** ९८४९६४४८७०

नोटः कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम संस्था दर्ता भई कार्य सञ्चालन गरिरहेकाले मात्र प्रस्ताव पेस गर्न सक्नेछन्।

..................................
**धर्मराज न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

श्री जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा। सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन अनुरोध छ।
श्री सूचना तथा प्रविधि शाखा,
कालिका गाउँ कार्यपालिकाको कार्यालय,धैबुङ,रसुवा। फेसबुक र वेबसाइटमा सूचना अपलोड गरिदिनुहुन।
श्री वडा कार्यालयहरु सबै,
कालिका गाउँ कार्यपालिकाको कार्यालय,धैबुङ,रसुवा। सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन।
श्री विद्यालयहरु तथा स्वास्थ्य संस्थाहरु सबै,
कालिका गाउँपालिका ,धैबुङ,रसुवा। सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत